मिति २०८२/०४/८ गते तदअनुसार ने.सं. ११४५ दिल्लागा औंशी, बिहिबार दिनको २:०० बजे पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा नगर प्रमुख श्री महेश खरेलज्यूको अध्यक्षतामा तपशील बमोजिमका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसेको कार्यपालिकाको १५० औं बैठकले देहायका विषयमा छलफल गरि निर्णय पारित गरियो।

<u>उपस्थिती</u>

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री महेश खरेल | नगर प्रमुख | |
| २. | श्री सुर्यमाया दनुवार | नगर उप-प्रमुख | |
| ३. | श्री उदय प्रसाद कोइराला | सचिव | |
| ४. | श्री सञ्जय तामाङ | नगर प्रवक्ता तथा सदस्य | |
| ५. | श्री जय बहादुर तामाङ | सदस्य | |
| ६. | श्री रामेश्वर दाहाल | सदस्य | |
| ७. | श्री सुन्दर अधिकारी | सदस्य | |
| ८. | श्री सुन्दर तामाङ | सदस्य | |
| ९. | श्री सिताराम ढुंगाना | सदस्य | |
| १०. | श्री रामशरण दुलाल | सदस्य | |
| ११. | श्री रामकृष्ण दंगाल | सदस्य | |
| १२. | श्री रामकाजी श्रेष्ठ | सदस्य | |
| १३. | श्री नारायण प्रसाद सापकोटा | सदस्य | |
| १४. | श्री हिराकाजी तामाङ | सदस्य | |
| १५. | श्री ज्ञान बहादुर दनुवार | सदस्य | |
| १६. | श्री सुकुविर तामाङ | सदस्य | |
| १७. | श्री यसोदा वसेल | सदस्य | |
| १८. | श्री सृजना परियार | सदस्य | |
| १९. | श्री सरस्वती फैजु | सदस्य | |
| २०. | श्री सुमित्रा खरेल | सदस्य | |
| २१. | श्री कल्पना ढुंगाना | सदस्य | |
| २२. | श्री माइली दनुवार | सदस्य | |
| २३. | श्री सुरेश भुजेल शिवभक्ती | सदस्य | |
| २४. | श्री बालकृष्ण रोका | सदस्य | |
| २५. | श्री कल्याण प्रसाद सुवेदी | शाखा अधिकृत | |

# बैठक संख्या:-१५०

## मिति:-२०८२/०४/०८

## नगर कार्यपालिकाको बैठकमा निर्णयका लागि पेश भएका प्रस्तावहरु

१.जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकबाट राष्ट्रिय परिचय पत्र बनाउन यस नगरमा खटिएका कर्मचारीको तलव भत्ता व्यवस्थापन सम्बन्धमा।

२.पाँचखाल नगरपालिका वडा नं ६ स्थित जुकेकुलो सिंचाई कुलोको पुछार खण्डको निर्माण सम्बन्धमा।

३.नगर आधारभुत अस्पतालमा एक्स-रे कोठा तथा अन्य पूर्वाधार निर्माण सम्बन्धमा।

४.तिनपिप्ले रानीपानी सडक खण्ड अन्तर्गत डाँफे खोला पुल नजिक मुख्य सडक मर्मत संभार सम्बन्धमा।

५.आस्फल्ट ब्याचिङ प्लान्ट स्थापनाको लागि प्रारम्भिक वातावरणीय अध्ययन (IEE) को कार्यसूची (TOR) स्वीकृती सम्बन्धमा।

६.पाँचखाल ४ स्थित समाजकल्याण चोकमा अस्थाइ प्रहरी विट निर्माण गर्ने सम्बन्धमा।

७.पाँचखाल नगरपालिका वडा नं ७ स्थित ढापखोला पुलको दायाँ बाँया ग्रावेल हाल्ने सम्बन्धमा।

८.पाँचखाल नगरपालिका वडा नं ३ स्थित लामडिही खानेपानीलाई पम्प व्यवस्थापन सम्बन्धमा।

९.पाँचखाल नगरपालिका वडा नं ६ स्थित ३८ किलो बखेलडिही सडक निर्माण सम्बन्धमा।

१०.प्राविधिक इष्टिमेट वमोजिम देहायका सडक/कुलो/बाँध र सामुदायीक भवन मर्मत संभार गर्ने सम्बन्धमा।

- १.वरवन्दी खरेलथोक चापाडाँडा मुख्य मार्ग पा.न.पा. ११
- २.जलढुङ्गे, लामडिही सडक पा.न.पा. ३
- ३.बोहोरेदोभान सडक पा.न.पा. ११
- ४.जरेटार भोटेखोला वाँध कुलो पा.न.पा. १२
- ५.खारवेशी वाँध कुलो पा.न.पा. १०
- ६.सिराने ठूलो खेत बाँध कुलो पा.न.पा. ६
- ७.नयाँपानी चिसापानी सडक पा.न.पा. ८
- ८.भँगेरी सामुदायीक भवन पा.न.पा. ८
- ९.नमुना सामुदायीक भवन पा.न.पा. १
- १०.नवज्योती सामुदायीक भवन पा.न.पा. १३
- ११.पा.न.पा. ९ भान्सेपोखरीमा पानी निकासको आवश्यक व्यवस्था
- १२.पलाञ्चोक भगवती मन्दिर शोचालय मुनिको वाल पा.न.पन. ९

११.जेम्स कलेज सडकको अपुरो भाग निर्माण सम्बन्धमा।

१२.स्वास्थ्य विमाको सफ्टवेयर खरिद सम्बन्धमा।

१३.विकास निर्माण लगायतका अन्य कार्यहरु गर्दा सुनकोशी पाँचखाल खानेपानीलाई क्षती पुगेमा क्षती मर्मत सुधार तथा जरिवाना सम्बन्धमा।

१४.महाजु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.लाई "घ" वर्गको इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा।

१५.पाँचखाल नगरपालिका वडा नं ५ स्थित केराघारी ठाँटी सडक स्तरोन्नती सम्बन्धमा।

१६.पाँचखाल नगरपालिका वडा नं ५ स्थित मयलपानी मन्दिर सडक स्तरोन्नी सम्बन्धमा।

१७.प्राविधिक इष्टिमेट वमोजिम देहायका खानेपानी सम्बन्धीत योजनाहरुको मर्मत संभार गर्ने सम्बन्धमा।

- १पराङ्गो छाप मंगलधारा खानेपानी टयाङ्की निर्माण, पराङकोट पधेरी खोल्सा वडा नं १
- २.धोडगाँउबेशी टुडीखोला कल्भर्ट निर्माण वडा नं १
- ३.तिनपिप्ले खानेपानी टयाङ्की मर्मत वडा नं १
- ४.घिसिङ डाँडा खानेपानी टयाङ्की निर्माण वडा नं १

१८.स्वास्थ्य शाखाको औषधी व्यवस्थापनको लागि आवश्यक पर्ने स्टोर कोठा मर्मत संभार सम्बन्धमा।

१९.एकतावस्ती कृषि सडक, पानी फ्याक्ट्री पिपलटार हुँदै गहते ढुंगानावेशी र ज्यामीटार ढुंगानावेशी सडक मर्मत स्भार सम्बन्धमा।

२०.आर्थिक सहयोग/सहायता सम्बन्धमा।

२१.इ बिडिङ मार्फत योजना/कार्यक्रमहरु कार्यान्वयन गर्ने सम्बन्धमा।

२२.विविध।

## बैठक संख्या १५०

## मिति २०८२/०४/०८

## नगरकार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. १**

यस पाँचखाल नगरपालिका वडा नं १ देखि १३ सम्म वसोवास गर्ने जनताहरुमध्ये केहिको राष्ट्रीय परीचय पत्र बनाउन छुट भएको केहिको फोटो खिचिएतापनी त्रुटी देखिएको हुँदा टोली मार्फत पुन राष्ट्रीय परिचय पत्र बनाउने कार्यका लागि जिल्ला प्रशाससन कार्यालय काभ्रेबाट खटिइ आएका कर्मचारी(व्यक्ती)हरुलाई खटिएको अवधीभरको तलव भत्ता यसै नगरपालिकाको अन्य सेवा शुल्क शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. २**

मर्मत संभार कोष शीर्षकबाट रकम भुक्तानी हुने गरी प्राविधिक इष्टिमेट वमोजिम पाँचखाल नगरपालिका वडा नं ६ स्थित जुके सिंचाई कुलोको पुछार खण्ड मर्मत संभार गराउने निर्णय गरियो।

**निर्णय नं. ३**

मर्मत संभार कोष शिर्षकबाट खर्च भुक्तानी हुने गरी प्राविधिक इष्टिमेट वमोजिम पाँचखाल नगर आधारभूत अस्पतालमा एक्स.रे. मेसिन राख्ने कोठा व्यवस्थापन तथा आवश्यक पूर्वाधार निर्माण तत्काल गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

मर्मत संभार कोष शिर्षकबाट खर्च भुक्तानी हुने गरी प्राविधिक इष्टिमेट वमोजिम पाँचखाल नगरपालिका तिनपिप्ले रानीपानी सडक खण्ड अन्तर्गत डाँफेखोला पुल नजिकको मुख्य सडक मर्मत संभार गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

पाँचखाल नगरपालिका वडा नं ८ मा आस्फल्ट व्याचिङ प्लान्ट स्थापना तथा संचालनको लागि वन्दन भगवती निर्माण सेवा प्रा.लि मध्ये बानेश्वरबाट पेश भएको प्रारम्भिक वातावरणीय अध्ययन (IEE) को कार्यसूची (TOR) स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

नगरस्तरीय आकस्मिक खर्च शीर्षकबाट खर्च भुक्तानी हुने गरी प्राविधिक इष्टिमेट बमोजिम पाँचखाल नगरपालिका वडा नं ४ समाजकल्याण चोकमा अस्थाई प्रहरी विट निर्माण गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

नगरस्तरीय आकस्मिक योजना खर्च शीर्षकबाट खर्च भुक्तानी हुने गरी प्राविधिक इष्टिमेट बमोजिम पाँचखाल नगरपालिका वडा नं ७ स्थित ढाप खोला पुलको दाँया बाँया ग्राभेल विच्छाउने निर्णय गरियो।

निर्णय नं. ८

नगरस्तरीय आकस्मिक योजना खर्च शीर्षकबाट खर्च भुक्तानी हुने गरी पाँचखाल नगरपालिका वडा नं ३ स्थित लामडिही खनेपानी उपभोक्ता समितिलाई प्राविधिक इष्टिमेट वमोजिम पानी तान्ने पम्प एक सेट उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ९

मर्मत संभार कोष शिर्षकबाट खर्च भुक्तानी हुने गरी प्राविधिक इष्टिमेट वमोजिम पाँचखाल नगरपालिका वडा नं ६ स्थित ३८ किलो बख्रेलडिही सडक मर्मत संभार गर्ने निर्णय गरियो।

निर्णय नं. १०

मर्मत संभार कोष शिर्षकबाट खर्च भुक्तानी हुने गरी प्राविधिक इष्टिमेट वमोजिम देहायका सडक/कुलो/बाँध र सामुदायीक भवन मर्मत संभार गर्ने निर्णय गरियो।

१.वरवन्दी खरेलथोक चापाडाँडा मुख्य मार्ग पा.न.पा. ११-१३
२.दर्शनढुङ्गे, लामडिही सडक पा.न.पा. ३
३.बोहोरेदोभान सडक पा.न.पा. ११
४.जरेटार भोटेखोला बाँध कुलो पा.न.पा. १२
५.खारवेशी बाँध कुलो पा.न.पा. १२
६.सिराने ठूलो खेत बाँध कुलो पा.न.पा. ६
७.नयाँपानी चिसापानी सडक पा.न.पा. ८
८.भँगेरी सामुदायीक भवन पा.न.पा. ८
९.नमुना सामुदायीक भवन पा.न.पा. १
१०.नवज्योती सामुदायीक भवन पा.न.पा. १३
११.पा.न.पा. ९ भान्सेपोखरीमा पानी निकासको आवश्यक व्यवस्था
१२.पलाञ्चोक भगवती मन्दिर शौचालय मुनिको वाल पा.न.पन. ९
१३.ज्यामिरे रातमाटे सडक पा.न.पा. १३

निर्णय नं. ११

गत आर्थिक वर्षमा निर्माण गरी निर्माण सम्पन्न गर्न बाँकी रहेको जेम्स कलेज सडकको अधुरो निर्माण कार्य नगरस्तरीय आकस्मीक खर्च शीर्षकबाट खर्च भुक्तानी हुनेगरी प्राविधिक इष्टिमेट बमोजिम गर्ने निर्णय गरियो।

निर्णय नं. १२

नगर आधारभुत अस्पताल पाँचखाललाई स्वास्थ्य विमाको प्रथम सेवा विन्दु तोकिएको हुँदा सेवा विन्दुबाट प्रदान गरीने सेवा चुस्त दुरुस्त राख्न तत्काल आवश्यक पर्ने स्वास्थ्य विमाको सफ्टवेयर नगरस्तरीय आकस्मीक कोष शीर्षकबाट खरिद गर्न स्वास्थ्य शाखा र जिन्सी शाखालाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. १३

पाँचखाल शहरी खानेपानी तथा सरसफाई आयोजनाको अनुरोध बमोजिम उक्त आयोजनाको प्रभावीत क्षेत्रभित्र यस नगरपालिकाबाट संचालन हुने विकास निर्माण लगायतका कार्य हुँदा आयोजनाको पूर्वाधारमा कुनै हानी नोक्सानी तथा क्षती पुग्न गएमा निर्माण कार्यमा संलग्न उपभोक्ता समिति, ठेकेदारहरुबाटनै मर्मत संभार गर्नु पर्ने सर्त उल्लेख गरी समिति, ठेकेदारहरुसँगको सम्झौता पत्रमा उल्लेख गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

निर्णय नं. १४

नियमानुसार प्रकृयामा आएको महाजु कन्स्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि. लाई "घ" वर्गको इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. १५

मर्मत संभार कोष शिर्षकबाट खर्च भुक्तानी हुने गरी प्राविधिक इष्टिमेट वमोजिम पाँचखाल नगरपालिका वडा नं ५ स्थित केराघारी ठाँटी सडक मर्मत सुधार गर्ने निर्णय गरियो।

निर्णय नं. १६

मर्मत संभार कोष शिर्षकबाट खर्च भुक्तानी हुने गरी प्राविधिक इष्टिमेट वमोजिम पाँचखाल नगरपालिका वडा नं ५ स्थित मयलपानी मन्दिर सडक मर्मत सुधार गर्ने निर्णय गरियो।

निर्णय नं. १७

मर्मत संभार कोष शिर्षकबाट खर्च भुक्तानी हुने गरी प्राविधिक इष्टिमेट वमोजिम देहायका खानेपानी योजना/कल्भर्ट मर्मत संभार गर्ने निर्णय गरियो।

१.पराङ्को छाप मंगलधारा खानेपानी ट्याङ्की निर्माण, पराङकोट पधेरी खोल्सा पा.न.पा. १

२.धोङगाँउबेशी टुडीखोला कल्भर्ट निर्माण पा.न.पा. १

३.तिनपिप्ले खानेपानी ट्याङ्की मर्मत पा.न.पा. १

४.घिसिङ डाँडा खानेपानी ट्याङ्की निर्माण पा.न.पा. १

निर्णय नं. १८

नगरस्तरीय आकस्मिक योजना खर्च शीर्षकबाट खर्च भुक्तानी हुने गरी पाँचखाल नगरपालिका कार्यालय भवनमा स्वास्थ्य शाखाको औषधी सुरक्षित रुपमा व्यवस्थापन गर्नका लागि आवश्यक पर्ने स्टोर कोठा मर्मत सुधार गर्ने निर्णय गरियो।

निर्णय नं. १९

मर्मत संभार कोष शिर्षकबाट खर्च भुक्तानी हुने गरी प्राविधिक इष्टिमेट वमोजिम एकतावस्ती कृषि सडक पानी फ्याक्ट्री पिपलटार हुँदै गहते ढुंगानावेशी र ज्यामीटार ढुंगानावेशी सडक खण्ड मर्मत संभार गर्ने निर्णय गरियो।

निर्णय नं. २०

अन्य व्यक्ती तथा संस्था सहायता शिर्षकबाट देहायका व्यक्तीहरुलाई देहाय बमोजिमको औषधी उपचार सहयोग/विपन्न सहायता गर्ने निर्णय गरियो।।

| क्र.सं. | नाम थर | ठेगाना | रकम रु. | कैफियत |
| --- | --- | --- | --- | --- |
| १ | चतुरमान तामाङ | पा.न.पा. ८ | २००००/- | भेन्टीलेटरमा उपचाररत |
| २ | माइली दनुवार | पा.न.पा. १२ | १००००/- | मुटु र मृगौलाको समस्या |
| ३ | माइली दनुवार | पा.न.पा. १२ | १००००/- | घाँटीको क्यान्सर |
| ४ | कान्छी भुजेल | पा.न.पा. ५ | १००००/- | मुटुको समस्या |

**निर्णय नं. २१**

आ.व. ०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिमका रु.५०००००/- भन्दा माथिका योजना/कार्यक्रमहरु ई बिडिङ मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. २२ (विविध)**

क)सुनकोशी पाँचखाल खानेपानी उपभोक्त समितिसँग समन्वय गरी पाँचखाल ब्राण्डबाट पानी बिक्री वितरणका लागि के कसो गर्न सकिन्छ सम्भाव्यता अध्ययन गर्न प्राविधिक शाखालाई निर्देशन गर्ने निर्णय गरियो।

ख)नगर आधारभूत अस्पताल पाँचखाललाई बिमाको प्रथम सेवा बिन्दु तोकिएको हुँदा कार्यबोझ बढ्न गई मौजुदा जनशक्तीबाट सेवा प्रदान गर्न कठिनाही हुने देखिएकोले छात्रावृत्तीका दुई जना मेडिकल अधिकृत(डाक्टर) को व्यवस्था गरिदिन जनस्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक र सामाजिक विकास मन्त्रालय वागमती प्रदेशलाई अनुरोध गरी पठाउन स्वास्थ्य शाखालाई निर्देशन गर्ने निर्णय गरियो।

ग)प्राथामिक स्वास्थ्य केन्द्र व्यवस्थापन तथा संचालनका लागि गठित समितिलाई विघठन गरी नयाँ समितिबाट संचालन तथ व्यवस्थापन गर्न के कसो गर्न सकिन्छ सम्भाव्यता अध्ययन गरी पेश गर्न स्वास्थ्य शाखालाई निर्देशन गर्ने निर्णय गरियो।

घ)म्याचिङ फण्ड शीर्षकबाट खर्च भुक्तानी हुने गरी इसिमोडसँगको साझेदारीमा पाँचखाल नगरपालिकाका विभिन्न ठाँउ/स्थानहरुमा रिचार्ज पोखरीहरु निर्माण गर्ने निर्णय गरियो।

ङ)पाँचखाल नगरपालिका भित्र संचालनमा रहि हाल सिल गरिएका इट्टाभट्टाहरुबाट अवैध रुपमा चोरी निकासी भएमा देहाय बमोजिमको जरिवाना गर्ने निर्णय गरियो।

१.एक नम्बरको इट्टा भएमा प्रती इट्टा रु. १२/-

२.दुई नम्बरको इट्टा भएमा प्रती इट्टा रु. १०/-

च) नगर आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधी २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

छ)पाँचखाल नगरमा कार्यरत नगर प्रहरीहरुको पारिश्रमिक नेपाल सरकारको प्रहरी जवानको सुरु तलव स्केल सरह मानी मिति २०८२ श्रावण महिनादेखी पारिश्रमिक भुक्तानी गर्ने निर्णय गरियो।

*(बैठकमा प्रस्तुत एजेण्डाहरुमाथी कुनैपनि फरक मत नरहेको हुँदा सर्वसम्मत निर्णय गरिएको छ।)*